निर्वाचन आयोग

# जिल्ला निर्वाचन कार्यालय

भद्रपुर झापा

पत्र सं :-०८१/८२

च.नं 60

मिति २०८२।०१।०३

ने. सं. ११४५ चौलागा ४ बुधवार

श्री नगरकार्यपालिकाको कार्यालय सवै / गाउँकार्यपालिकाको कार्यालय सवै
झापा।

विषय: मतदाता नामावली अध्यावधिक गर्ने सम्वन्धमा

प्रस्तुत विषयमा निर्वाचन आयोगले मतदाता नामावली अध्यावधिक कार्यविधि २०८१ वमोजिम हालसम्म (२०८१।१२।३१ गतेसम्म) दर्ता भएको मतदाता नामावाली निर्वाचन आयोगको वेवसाइट www.election.gov.np मा यही मिति २०८२।०१।०६ गते प्रकाशित गर्दैछ। ।उक्त मतदाता नामावलीमा कुनै मतदाताको विवरण त्रुटी भएको भएमा सो सच्याउन निवेदन दिने , कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने, कुनै मतदाताको नाम एकभन्दा वढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने, मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावली वाट हटाउनको लागि सुचना दिने लगायतका क्रियाकलाप मिति २०८२।०१।०७ गते देखि मिति २०८२।०१।१४ गते सम्म आयोगको वेवसाइटमा अनलाइन निवेदन मार्फत वा जिल्ला निर्वाचन कार्यालय झापामा दर्ता गराउन सकिने व्यहोरा ताहाँ स्थानीयतह मातहतका सवै वडा कार्यालयहरुमा जानकारी गराइदिनहुन अनुरोध गर्दछु।साथै ताहाँ स्थानीयतह मातहतका सवै वडा कार्यालयहरुमा मृत्यु भएका वा वसाईसरी गएका घटनाहरु दर्ता भए अनुसारको विवरण संकलन सम्वन्धी पत्र र मतदाता नामावली अध्यावधिक कार्यक्रम सम्वन्धी सूचना यसै पत्रसाथ पठाइएकोले सवै वडा कार्यालयहरुमा पुर्याइदिनहुन अनुरोध गर्दछु।

जिल्ला निर्वाचन अधिकारी

तुलसी कुमार नेपाल
जिल्ला निर्वाचन अधिकारी

दर्ता नं. 5932
मिति 2082।1।8

Email:deo.jhapa@election.gov.np Tel: 023-453162 Fax: 023-456162

निर्वाचन आयोग
# जिल्ला निर्वाचन कार्यालय
भद्रपुर झापा

निर्वाचन आयोग जिल्ला निर्वाचन कार्यालय भद्रपुर, झापा

पत्र सं :-०८१/८२
च.नं :- 67.

मिति २०८२।०१।०३
ने. सं. ११४५ चौलागा ४ बुधवार

श्री स्थानीय पञ्जीकाधिकारीज्यु ( वडा सचिव सवै झापा) ,
नगरपालिका/गाँउपालिका सवै झापा।

विषय :बसाईसरी गएका, विवाहगरी गएका र मृत्यु भएका मतदाताहरुको विवरण उपलब्ध गराईदिनुहुन ।

प्रस्तुत विषयमा निर्वाचन आयोगले मतदाता नामावली अध्यावधिक कार्यविधि २०८१ वमोजिम हालसम्म (२०८१।१२।३१ गतेसम्म) दर्ता भएको त्यस वडाको मतदाता नामावाली निर्वाचन आयोगको वेवसाइट www.election.gov.np मा यही मिति २०८२।०१।०६ गते प्रकाशित गर्दैछ। उक्त मतदाता नामावली अवलोकन गरी मतदाता नामावलीमा नाम समावेश भएका मतदाताहरु मध्ये बसाईसरी गएका वा विवाहगरी गएका वा मृत्यु भएका मतदाताहरुको विवरण तल दिइएको ढाँचामा मिति २०८२।०१।१४ गते भित्र यस कार्यालयमा आइपुग्ने गरी पठाइदिनुहुन अनुरोध गर्दछु।

निर्वाचन आयोग
प्रमुख नामदर्ता अधिकारीको कार्यलय , झापा
मतदाता नामावलिबाट नाम हटाउने प्रयोजनको लागि मृत्यु भएका , बसाईसरी गएका तथा विवाह गरी गएका मतदाताहरुको विवरण
..........................नगरपालिका / गाएपालिका, वडा नं ............................................

| क्र.स | स्थानीय तह | वडा नं. | मतदाताको नं. | मतदाताको नाम | बुबा/आमाको नाम | ना.प्र.नं./जारी जिल्ला | जन्म मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

तुलसी कुमार नेपाल
जिल्ला निर्वाचन अधिकारी
जिल्ला निर्वाचन अधिकारी

Email:deo.jhapa@election.gov.np Tel: 023-453162 Fax: 023-456162

CamScanner

## अनुसूची १

(दफा ४ को उपदफा २ दफा ६ को उपदफा (१) (३) (४) र दफा १३ को उपदफा (३) र (१०) सँग सम्बन्धित

प्रमुख नामदर्ताको अधिकारीको कार्यालय, भद्रपुर झापा

**मतदाता नामावली अध्यावधिक कार्यक्रम सम्बन्धी सूचना**

मतदाता नामावली अध्यावधिक कार्य २०८२ साल बैशाख महिनामा देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ । सबै मतदाताले आफ्नो विवरण हेरी कुनै विवरण अध्यावधिक गर्नुपर्ने भएमा निम्न अनुसारको मिति र स्थानमा सूचना तथा निवेदन पेश गर्न निर्वाचन आयोग अनुरोध गर्दछ ।

| क्र.सं. | क्रियाकलाप | देखि | सम्म | कार्य सम्पादन हुने स्थान / सम्पर्क गर्ने स्थान |
|---|---|---|---|---|
| १ | आयोगको वेबसाइटमा मतदाता नामावली प्रकाशन गर्ने | २०८२ साल बैशाख ६ गते | | https://www.elecion.gov.np |
| २ | मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने | बैशाख ७ गते | बैशाख १४ गते | अनलाइन https://applyvr.election.gov.np वा निर्वाचन कार्यालय |
| ३ | कसैले झुटा विवरण दिइ नामावलीमा नाम समावेश गरेको भए सो को विरोधमा उजुरी दिने | | | |
| ४ | कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्ने निवेदन दिने | | | |
| ५ | मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | | | |
| ६ | वडा कार्यालयमा दर्ता भएका निवेदन प्राप्त गर्ने, बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट र नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालय बाट प्राप्त गर्ने र सूचना / निवेदन प्राप्त नभएता पनि कुनै मतदाता बसाइ सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त गर्ने | बैशाख ७ गते | बैशाख १४ गते | निर्वाचन कार्यालय |

जिल्ला निर्वाचन अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ७ | उजुरी परेको मतदातालाइ प्रमाण सहित सफाइको मौका दिने | बैशाख १५ गते | बैशाख १८ गते | निर्वाचन कार्यालय |
| ८ | मतदाता नामावलीबाट नाम हटाउने सम्बन्धमा आवश्यक छानबिन गरि प्रमुख नामदर्ता अधिकारीले त्रुटि सच्याउने, नाम हटाउने लगायत कानुन बमोजिम निर्णय गर्ने | | बैशाख २१ गते | निर्वाचन कार्यालय |
| ९ | नाम हटाइएको सूचना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्ने र फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरि जिल्लामा अध्यावधिक भएको डाटा सँगै आयोगमा पठाउने | बैशाख २२ गते | बैशाख २५ गते | निर्वाचन कार्यालय र वडा कार्यालय |
| १० | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | बैशाख मसान्त | | निर्वाचन आयोग |

जिल्ला निर्वाचन अधिकारी